# नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

## लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति :- २०७९।११।१७)

यस केन्द्रको आ.ब. २०७९/८० को बार्षिक कार्यक्रम अन्तर्गत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ बमोजिम सञ्चालनमा रहेका लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन क्षमता सुधार गर्नका लागि लागत साझेदारीमा प्रविधि प्राप्त गर्न ईच्छुक प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयभित्र यस केन्द्रमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदनको ढाँचा, आवेदनसाथ पेश गर्नुपर्ने कागजात, पेश गर्ने तरिका तथा यस कार्यक्रम सम्बन्धी विस्तृत जानकारी यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np को सूचना पाटी एवं यस केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

## मिति २०७९।११।१७ मा प्रकाशित लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण सम्बन्धी सूचनाको विस्तृत विवरण

१) लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ (यसपछि कार्यविधि भनिएको) यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np को श्रोतहरु खण्डबाट हेर्न र प्राप्त गर्न सकिनेछ।

२) प्रविधि प्राप्त गर्न ईच्छुक आवेदकले देहाय बमोजिम कागजातसहित आवेदन पेश गर्नुपर्नेछ।

क) तपसिलमा रहेको अनुसूचि-३ बमोजिमको ढाँचामा प्रस्ताव ।

ख) उद्योग दर्ता प्रमाणपत्र (नवीकरण भएको, ठाउँसारी वा अन्य संशोधन भएको भए उक्त प्रमाणसमेत संलग्न गर्नुपर्ने)

ग) PAN/VAT दर्ता प्रमाणपत्र र गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्र ।

घ) तपसिलमा रहेको ढाँचा बमोजिम उद्योग दर्ता गर्ने निकाय वा उद्योग रहेको सम्बन्धित स्थानिय तह वा वडा कार्यालयको **सिफारिस पत्र** ।

ङ) तपसिममा रहेको ढाँचा बमोजिमको **कबुलियतनामा** ।

च) उद्योगको शेयरधनी अपाङ्ग, असक्त, एकल महिला, दलित, जनजाति भए त्यसको आधिकारिताको प्रमाण ।

छ) प्राप्त गर्न चाहेको प्रविधिको बजार मूल्य तथा स्फेसिफिकेसन खुलेको सप्लायरको कोटेसन तथा क्याटालग।

३) आवेदकले प्राप्त गर्ने प्रविधिको लागतको कम्तिमा दश प्रतिशत रकम वा आवेदनसाथ पेश गरेको कबुलियतनामामा स्वलगानी गर्न कबुल गरेको रकममध्ये जुन बढी हुन्छ, केन्द्रसँग सम्झौता हुने वखत केन्द्रले तोकेको धरौटी खातामा लागत सहभागिता वापत उक्त रकम जम्मा गर्नु पर्नेछ । प्रविधि आपूर्तिकर्ताबाट प्रविधि खरिद गर्दा उक्त रकम आपूर्तिकर्तालाई भुक्तानी गरिनेछ । कुनै कारणवश यस आ.ब.मा खरिद हुन नसकेमा उक्त धरौटी रकम आवेदकको बैंक खातामा फिर्ता गरिनेछ ।

४) आवेदकले उपरोक्त आवेदन तथा कागजातहरु केन्द्रमा आई दर्ता गर्न सकिनेछ वा यस केन्द्रको इमेल ठेगाना gprabidhi2079@gmail.com मा पठाउन पनि सक्नेछ । ईमेलबाट आवेदन पठाउँदा निम्न कुराहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

क) एउटा ईमेल ठेगानाबाट एउटा मात्र आवेदन पठाउनुपर्नेछ ।

ख) इमेलमार्फत कागजातहरु पठाउँदा Subject मा "Technology transfer application" भनी उल्लेख गर्नुपर्नेछ।

ग) इमेलमार्फत कागजात पठाउँदा सबै कागजातहरु स्क्यान गरी एउटा मात्र pdf फाईल बनाई सो फाईल समावेश गरी ईमेलमा attach गरी पठाउनुपर्नेछ ।

घ) आवेदकले सक्कल कागजातहरु आफूसँगै सुरक्षित राख्नुपर्नेछ र केन्द्रले माग गरेका वखत उपलब्ध गराउनुपर्नेछ ।

निमित्त कार्यकारी अधिकृत

ङ) ईमेलबाट प्राप्त हुने आवेदनहरु प्राविधिक रुपमा पूर्ण सुरक्षित गर्न सकिने प्रत्याभूति गर्न नसकिने हुनाले ईमेल पठाएपछि केन्द्रमा प्राप्त भए नभएको बारे सूचनाको म्यादभित्र केन्द्रमा सम्पर्क गरी आवेदक आफै सुनिश्चित हुनुपर्नेछ ।

५) यो सूचना प्रकाशन भएको मितिभन्दा अघि दर्ता भएको उद्योगले मात्र आवेदन दिन सक्नेछ।

६) केन्द्रले हस्तान्तरण गर्ने सम्भावित प्रविधिको सूची तपसिलमा रहेको अनुसूचि-१ मा रहेको छ ।

७) आवेदकले प्रस्तावमा उल्लेखित विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।साथै पठाएका कागजातहरु स्पष्ट बुझिने हुनुपर्नेछ । स्पष्ट नभएका विवरण तथा कागजात उपर कारवाही गर्न केन्द्र बाध्य हुने छैन।

८) एउटा उद्योगलाई उपलब्ध गराईने प्रविधिको जम्मा लागत रु पाँच लाख भन्दा बढी हुनेछैन।

९) अनुसूचि-३ बमोजिमको ढाँचामा मूल्य भन्नाले प्रविधिको बजार मूल्य, उद्यमस्थलसम्म ढुवानी गर्दा लाग्ने खर्च, जडान खर्च, प्रचलित कर सबै समावेश भएको मूल्य भनेर सम्झनुपर्छ ।

१०) आवेदकहरु मध्ये लघु, घरेलु तथा कम पुँजी लगानी भएका एवं परम्परागत उद्योगहरु र कम रकमका प्रविधिलाई छनौटमा प्राथमिकता दिइनेछ ।

११) यस केन्द्रको वेवसाईटमा सूचना प्रकाशित गरी वा टेलिफोन वा ईमेल गरी आवेदकलाई थप सूचना गर्न वा जानकारी माग गर्न सकिनेछ ।

१२) यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम हुनेछ र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३) मिति २०७९।६।१२ मा प्रकाशित सूचना बमोजिम पर्याप्त आवेदन नपरेकोले यो सूचना प्रकाशन गरिएको छ । उक्त सूचना अनुसार छनौट हुने आवेदकलाई २०७९।११।१७ मा प्रकाशित सूचना बमोजिम हुने छनौट प्रक्रियामा समावेश गरिने छैन।

१४) थप जानकारीको लागि यस केन्द्रको टेलिफोन नंबर ०१-४२६५३१२ मा वा यस केन्द्रका सूचना अधिकारी श्री उमेशमान जोशीलाई मोबाइल नं ९७४१६६३६५८ मा सम्पर्क गर्न सकिनेछ ।

निमित्त कार्यकारी अधिकृत

अनुसूची-३

(कार्यविधिको दफा ७ को (२) सँग सम्बन्धित)

## निवेदकले पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१. उद्योगको नामः

२. उद्योगको ठेगानाः जिल्ला.........................गा.पा/न.पा..................................

वडा नं.......गाउँ/टोल.....................

टेलिफोन नं...................................ईमेलः...............................................

३. उद्योग दर्ता भएको भए कार्यालयः..........................दर्ता नं...........मितिः..........

४. उद्योगको विवरणः

(क) स्थिर पूँजीः

(ख) चालू पूँजीः

(ग) कूल पूँजीः

(घ) वार्षिक उत्पादनको किसिम तथा परिमाणः

(ङ) रोजगारी सङख्याः

(च) उद्योगको वर्गीकरणः लघु/घरेलु/साना

उत्पादनमूलक/कृषि तथा वन पैदावारमा आधारित/पर्यटन/

अन्य भए उल्लेख गर्ने .............

५ माग गरेको मेशिन/औजार/उपकरणको विवरण

| क्रस | मेशिन/औजार/उपकरणको नाम | स्पेसिफिकेसन | इकाई | परिमाण | अनुमानित | | पाइने स्थान वा आपुर्ति कर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मूल्य दर | जम्मा मूल्य | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

६. माग गरेको मेशिन/औजार/उपकरणको उपयोग

| |
|---|
| (यस खण्डमा माग गरेको प्रविधि (मेशिन/औजार/उपकरण) उद्योग/कामको लागि किन उपयोगी छन् ? यी प्रविधिको प्रयोग पश्चात के कस्ता सकारात्मक परिवर्तन आउन सक्छन् उल्लेख गर्ने) |

७. सीप तथा दक्षता

| |
|---|
| (यस खण्डमा माग गरेको प्रविधि (मेशिन/औजार/उपकरण) संचालन गर्ने सीप तथा दक्षताको के कस्तो अवस्था छ, उल्लेख गर्ने) |

८. अपाङ्ग, असक्त वा एकल महिलाको प्रस्ताव भए

| |
|---|
| अपाङ्ग, असक्त वा एकल महिला हो भने आधिकारिकताको प्रमाण पेश गर्ने |

<u>निवेदक</u>

दस्तखतः

नामः

पदः

मितिः

उद्योगको नामः

उद्योगको छापः-

ईमेल ठेगानाः-

मोबाईल नम्बरः-

# सिफारिस पत्र

श्री लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं ।

बिषयः प्रविधि हस्तान्तरणको लागि सिफारिस।

त्यस केन्द्रबाट मिति ........................... मा .................... राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम निम्न बमोजिमको लघु/ घरेलु/ साना उद्योगले प्रविधि हस्तान्तरणका लागि सिफारिस माग गरेकोले निम्नानुसार सिफारिस गरिएको छ ।

तपसिलः

१. उद्योगको नामः-

२. उद्योग दर्ता गर्ने निकायः

३. उद्योग रहेको ठेगाना (पालिका, वडा तथा टोल समेत):-

४. उद्योग दर्ता नं :- दर्ता मितिः-

५. स्थिर पूँजीः- चालू पूँजीः कूल पूँजीः-

६. उद्योगको बर्गिकरण (लघु, घरेलु वा साना):-

७. उद्योगको किसिम(उत्पादनमूलक, कृषि तथा वन पैदावार, पर्यटन, सेवामूलक, अन्य) :-

८. उत्पादन हुने वस्तु वा सेवाको नामहरु तथा बार्षिक परिमाणः-

९. उद्योगमा कार्यरत कामदार संख्याः-

१०. उद्योगमा कार्यरत महिला वा दलित वा जनजाति वा दलित वा अपांग कामदार संख्याः-

११. उद्योग संचालन भएको मितिः-

१२. उद्योगको स्वामित्व (प्रत्येकको नाम तथा स्वामित्व प्रतिशत उल्लेख गर्ने) :-

| क्र.सं. | स्वामित्व हुनेको नाम | नागरिकता नम्बर तथा ठेगाना | स्वामित्व प्रतिशतमा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१३. उद्योगको क्षमता अभिबृद्धिका लागि आवश्यक प्रविधिको बिवरणः-

१४. प्रविधि हस्तान्तरणको लागि उपयुक्त भएको/नभएकोः-

प्रमाणित गर्ने पदाधिकारीको नामः

दस्तखतः

पदः

मितिः

कार्यालयको नामः

कार्यालयको ठेगानाः

कार्यालयको छापः

# कवुलियनामा

श्री लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं ।

विषयः <u>कवुलियतनामा बारे ।</u>

त्यस केन्द्रबाट मिति ........................ मा .................. राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम मैले प्रविधि पाउनका लागि सूचना बमोजिम आवेदनको सन्दर्भमा निम्न बमोजिम कवुलियनामा पेश गरेको छु ।

तपसिलः

१) मेरो आवेदन छनौट भई प्रविधि प्राप्त भएमा उक्त प्रविधि (मेशिन/औजार/उपकरण) आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछु ।

२) उद्यमस्थलसम्म ढुवानी गर्दा लाग्ने खर्च र जडान खर्च समेत समावेश गर्दा प्रचलित करसमेत गरी उक्त प्रविधिको जम्मा अनुमनित लागत रू .................... (अक्षरुपी ......................................................) हो । उक्त लागतको ................. प्रतिशत (रकम रु. ..................................) म स्वलगानी गर्न मञ्जुर छु । केन्द्रले तोकेको धरौटी खातामा उक्त स्वलगानी रकम जम्मा गर्न मेरो मञ्जुरी छ ।

<u>रोहबरः</u>

वडा अध्यक्ष वा वडा सचिवको नामः-

दस्तखतः-

पदः-

कार्यालयको नामः-

कार्यालयको छापः-

<u>कबुल गर्ने आवेदकको:</u>

दस्तखतः-

नामः-

उद्योगको नामः-

ठेगानाः-

उद्योगको छापः-

मितिः-

मोबाईल नंवरः-

## अनुसूची-१
(कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**सम्भावित प्रविधिका सूची**

परम्परागत रुपले नेपालका विभिन्न स्थानमा चलिरहेका उद्योग व्यवसायको उत्पादन क्षमता बृद्धिको लागि सम्भाव्य मेशिन औजारहरुको विवरण देहाय बमोजिम रहेको छः-

| क. सं. | प्रयोग भएको रैथाने र उपयुक्त प्रविधि | प्रविधिमा आधारित व्यवसायको प्रकृति |
|---|---|---|
| १ | आधुनिक घार तथा औजार | मौरीपालन व्यवसाय |
| २ | महदानी तथा मेशिनरी औजार | |
| ३ | रासपाडर मेशिन | केतुकेको धागो निकाल्ने |
| ४ | सिलाई मेशिन | होजियारी, टेलरिङ्ग |
| ५ | क्रिम सेपरेटर तथा मेशिनरी औजार | दुग्ध व्यवसाय |
| ६ | ग्राइण्डर मेशिन | मसला तथा रिठ्ठा उद्योग |
| ७ | दुना टपरी मेशिन | साल, भोर्लाको दुना टपरी |
| ८ | पापड मेशिन | पापड बनाउने |
| ९ | छाला सिलाउने मेशिन तथा औजार | छालाका सामाग्री |
| १० | सोलार ड्रायर | अदुवा, अदुवा क्याण्डी, लप्सी क्याण्डी, साग सब्जी सुकाउन |
| ११ | बोटल सिलिङ्ग मेशिन | जाम, जुस, स्क्वास, अचार उद्योग |
| १२ | वार्पिङ्ग ड्रम | अल्लो तथा ढाका उद्योग |
| १३ | तान | अल्लो तथा ढाका उद्योग |
| १४ | यार्न मेशिन | बाबियोको डोरी बाट्ने |
| १५ | उड कटिङ्ग मेशिन | बाँसका सामाग्री |
| १६ | स्पिनिङ्ग मेशिन | अल्लो, हेम्प उद्योग |

| क. सं. | प्रयोग भएको रैथाने र उपयुक्त प्रविधि | प्रविधिमा आधारित व्यवसायको प्रकृति |
|---|---|---|
| १७ | सेरामिक भट्टी | सेरामिकका सामान |
| १८ | सोप कटिङ्ग मेशिन, फर्मा | साबुन उद्योग |
| १९ | वेकिङ्ग ओभन | बेकरी उद्योग |
| २० | आईस चर्नर | आइसक्रिम उद्योग |
| २१ | व्याम्वो स्प्लिटर | वाँसका हस्तकला उद्योग |
| २२ | कम्मरे तान | जुट झल्ला, गलैंचा तथा अल्लो बुनाई |
| २३ | क्यामेरा | फोटो स्टुडियो |
| २४ | स्क्रिन प्रिन्ट | खाम, फाइल, पेपर, व्याग उद्योग |
| २५ | डाई | चक उद्योग |
| २६ | डाई | सिमेण्ट ब्लक उद्योग |
| २७ | सुधारिएको पानी घट्ट | पानी घट्ट |
| २८ | रेफ्रिजिरेटर | फ्रेस हाउस, डेरी |
| २९ | आयल एक्सट्र्याक्टर | च्यूरीको वियाँ प्रशोधन |
| ३० | लेबलिङ्ग एण्ड कटर मेशिन | सावुन उद्योग |
| ३१ | आयल डिहाइड्रेटर | दालमोठ उद्योग |
| ३२ | स्पिनिङ्ग ह्विल | कुमाले |
| ३३ | स्पिनिङ्ग ह्विल | उन कात्ने |
| ३४ | चुलेसी डाई | आरन |
| ३५ | चकलेट डाई, कटर | चकलेट, पुष्टकारी उद्योग |
| ३६ | स्लाईसिङ मेशिन | आलू चिप्स उद्योग |
| ३७ | चेरिङ्ग ड्रम एण्ड डाई | ब्रिकेट उद्योग |

| क. सं. | प्रयोग भएको रैथाने र उपयुक्त प्रविधि | प्रविधिमा आधारित व्यवसायको प्रकृति |
|---|---|---|
| ३८ | बिटर मेशिन एण्ड ट्रे | नेपाली कागज उद्योग |
| ३९ | ल्याक्टोमिटर लगायत मेशिनरी औजार | डेरी उद्योग |
| ४० | बेल ब्रेकिङ मेशिन | बेल जाम, जुस उद्योग |
| ४१ | कफी पलपिङ्ग, मेकिङ्ग मेशिन | कफी प्रशोधन उद्योग |
| ४२ | जुस फिल्टर मेशिन | जुस उद्योग |
| ४३ | हाते ट्याक्ट्रर | व्यवसायिक तरकारी खेती |
| ४४ | ग्रास कटर | पशुपालन |
| ४५ | पप कर्न मेशिन | मकै भुट्ने |
| ४६ | आलु चिप्स मेशिन | आलु चिप्स उद्योग |
| ४७ | भुजिया मेशिन | भुजिया उद्योग |
| ४८ | नुडल्स मेशिन | चाउमिन उद्योग |
| ४९ | ब्लोवर (खलाती) | आरन उद्योग |
| ५० | ज्याकार्ट मेशिन | ढाका उद्योग |
| ५१ | केन्द्रले उपयुक्त मानेका अन्य जुनसुकै प्रकारका प्रविधिहरु | |